# जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

## जनकपुरधाम, धनुषा

## मधेश प्रदेश, नेपाल


पत्र संख्या:- २०८२/०८३

चलानी नं.:-

मिति; २०८२/०९/२१

श्री जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम ।

सुचना सुचना सुचना

यस जनकपुरधाम उप महानगरपालिकाको कार्यायमा मिति २०८२|०५|२४ गते जेन जी आन्दोलनको क्रममा भएको आगजनीबाट कार्यालयको मुद्दा शाखा र न्यायीक समिति शाखामा अभिलेखमा रहेको मुद्दाको मिसिल/फायलहरु तथा मुद्दाको कार्यवाहीयुक्त रहि निर्णय हुन बाँकी रहेको र निर्णय भई कार्यान्वयन गर्न बाँकी रहेको मुद्दाका फायलहरु जली नष्ट भएको हुदाँ सो आगलागी बाट नष्ट भएको मिसिल कागजातहरु प्राप्ती र प्रमाणिकरण गरी अभिलेख राख्नु पर्ने भएकोले सरोकारवालाहरुको जानकारीका लागी यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।

अतः उपरोक्तानुसार मुद्दा शाखा र न्यायीक समितिमा अभिलेखमा रहेको मिसिल /फायल, दर्ता रहि निर्णय गर्न बाँकी रहेको मुद्दाको फायल र निर्णय कार्यान्वयन चरणमा रहेको मुद्दाको फाइलहरु समेतको कागजातहरु सम्बन्धित मुद्दाका पक्षहरु,मुद्दाको वारिस तथा कानून व्यवसायीहरु समेत संग उपलब्ध रहेको कागजातहरुको १ प्रति स्पष्ट पढन सकिने फोटोकपी कागजहरु प्रस्तुत सुचना प्रकाशन भएको मितिले ६० दिन भित्र सम्बन्धित शाखामा उपलबध गराई दिनु हुन यो सार्वजनिक सुचना जारी गरीएको छ । उपरोक्त मिसिल प्राप्त गरिने अबधी सम्वन्धमा मुद्दामा रुजु तारेखमा रहेको पक्ष/ विपक्षहरुको म्याद तारेख सो अवधी सम्मको म्याद /तारेख नगुज्ररिने व्यहोरा समेत जानकारी गराउदछौं ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत